दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक १३७ | बुटवल | २०८३ जेठ ०३ गते, आइतबार | नेपाल संवत ११४६ | Sunday May 17, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

**राम्रो घडेरी बिक्रीमा**

तिलोत्तमा–१ शंकरनगर प्यारामाउण्ट स्कुलको पूर्वपट्टी उत्तरतर्फ २० फिट र पूर्वतर्फ २२ फिटको बाटोमा मोहडा पर्ने एक कठ्ठा जग्गा खरिद गर्न चाहनेले तुरुन्तै सम्पर्क गर्नुहोला।

**सम्पर्क नम्बर: ९८०१८२७९५०**

## आज बुटवलमा सुकुम्वासी / अव्यवस्थित बसोवासीको वृहत् प्रदर्शन

बुटवल। सार्वजनिक जग्गा संरक्षणको नाममा सरकारले वर्षौंदेखि बसेको बस्तीमा डोजर आतंक मच्चाएको भन्दै अव्यवस्थित बसोवासी तथा सुकुम्वासीले आज (आइतबार) बुटवलमा वृहत् प्रदर्शन र राष्ट्रिय सम्मेलन आयोजना गर्ने भएका छन्।

भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोवासी संघर्ष समिति रुपन्देहीको आयोजनामा प्रदर्शन र सम्मेलन आयोजना भएको हो।

बुटवलको राजमार्ग चौराहामा दिउँसो १ बजे जम्मा भएर ट्राफिकचोक पुग्ने प्रदर्शनमा हजारौंको सहभागिता हुने आयोजकको आंकलन छ।

प्रदर्शन तथा जेठ ४ गते हुने सम्मेलनमा देशका २२ बढी जिल्लाबाट प्रतिनिधित्व हुनेछ।

सरकारले बिना विकल्प गरिब सुकुम्वासी तथा अव्यवस्थित बसोवासीका घरटहरामा डोजर चलाएर उठीबास लगाउने कार्य गरेकाले यसको सशक्त विरोध गर्न प्रदर्शनमा सहभागी हुन आयोजकले आव्हान गरेका छन्।

प्रदर्शनमा ३० हजार बढी सुकुम्वासी तथा अव्यवस्थित बसोवासीको उपस्थिति हुने संघर्ष समितिका सल्लाहकार वीरेन्द्र विकले बताए।

राष्ट्रिय सम्मेलनले आगामी दिनमा देशव्यापी रुपमा गरिने आन्दोलनको रणनीति तयार पारिने संघर्ष समितिका संयोजक खगेन्द्र पौडेलले बताए।

राष्ट्रिय सम्मेलनका लागि विभिन्न उप-समितिहरु गठन गरी तयारीका काम गरिएको समितिका सचिव राजकुमार भट्टराईले बताए

संघर्ष समितिको आन्दोलनलाई नेपाली कांग्रेस, एमाले, नेपाली कम्युनिष्ट पार्टी, श्रम संस्कृति पार्टी, राप्रपा, नेकपा माओवादीसहित रुपन्देहीका १२ राजनीतिक दलले ऐक्यबद्धता जनाएका छन्।

संघर्ष समितिले यस अघिको सरकारले ल्याएको भूमिसम्बन्धी कानून कार्यान्वयनको माग गरेको छ।

२०७६ सालमा ल्याइएको भूमिसम्बन्धी ऐनले २०६६ सालदेखि अव्यवस्थितरूपमा बसोबास गर्दै आएका नागरिकलाई एक पटकका लागि उनीहरू बसिरहेको स्थानमै जग्गाको प्रकृति, क्षेत्रफल र आम्दानीको स्रोतको आधारमा राजस्व निर्धारण गरी जग्गा उपलब्ध गराउन सकिने कानुन बनाएको थियो।

तर अहिलेको सरकारले अध्यादेशमार्फत् ती व्यवस्था संशोधन गर्दै त्यस्ता क्षेत्रलाई जोखिम क्षेत्र घोषणा गरी त्यहाँ बसोबास गरिरहेका नागरिकलाई हटाउने कानुनी बाटो तयार गरेको छ।

यसले लाखौं भूमिहीन तथा अव्यवस्थित बसोवासीको बिचल्ली गराउने जोखिम बढेको संघर्ष समितिको ठम्याई छ।

## कांग्रेस विभाजनको डिलमा : पूर्णबहादुर

बुटवल। नेपाली कांग्रेसका पूर्वकार्यवहाक सभापति पूर्णबहादुर खड्काले गगन थापा सिंगो कांग्रेसको सभापति बन्न नसकेको बताएका छन्।

नेपाली कांग्रेस कर्णाली प्रदेश कार्यसमितिको आयोजनामा 'नेपाली कांग्रेस बृहत्तर एकता र भावी कार्यदिशा' विषयक विचार गोष्ठीमा बोल्दै पूर्वकार्यबहाक सभापति खड्काले पार्टी विभाजनको डिलमा रहेको बताए।

आफूसँग भेट गर्न आएका बेला सिंगो पार्टीको सभापति बन्न आग्रह गरेको उल्लेख गर्दै अहिले पनि पार्टी सभापति थापा सानेपाको मात्रै सभापति रहेको खड्काको भनाइ थियो।

उनले तत्कालीन समयमा गिरिजाप्रसाद कोइरालाका कारणले पार्टी फुटेको र उनकै कारणले पार्टी एकीकरण भएको बताउँदै अहिले पनि पार्टी फुटाउने वा जुटाउने सम्पूर्ण हात सभापति थापासँग रहेको बताए। 'पार्टी विभाजनको डिलमा छ, म त्यो बाटोमा जान हुन्न भन्छु,' खड्काले केही दिनअघिको भेटमा सभापति र उपसभापतिलाई भएको कुरा सुनाए- 'तर, पार्टी मिलाउने कि फुटाउने तपाईहरूको जिम्मामा छ भनेको छु।'

अदालतले जिताएपछि आफूहरूले पनि सभापति मानेको उल्लेख गरे। भेटमा थापालाई सिंगो कांग्रेसको सभापति बन्न सुझाव दिएको उनले बताए।

पूर्वकार्यवहाक सभापति खड्काले विशेष महाधिवेशनका कारणले कांग्रेस प्रतिनिधिसभाको निर्वाचनमा खुम्चिएको जिकिर गरे। 'विशेष महाधिवेशनको कारणले कांग्रेस ३८ सिटमा खुम्चियो, रास्वपा दुई तिहाई नजिक पुग्यो,' खड्काले भने-'त्यो नभएको भए देशको परिस्थिति अर्कै हुन्थ्यो।'

# 'नीति तथा कार्यक्रममाथि छलफलको समय अपर्याप्त'



**लुम्बिनी संवाददाता**
*बुटवल*

प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसका संसदीय दलका नेता भीष्मराज आङदेम्बेले सरकारको वार्षिक नीति तथा कार्यक्रममाथि संघीय संसद्मा भएको छलफलको समय अपर्याप्त भएको भन्दै असन्तुष्टि व्यक्त गरेका छन्।

मुलुकको आगामी एक वर्षको मार्गचित्र तय गर्ने महत्वपूर्ण दस्ताबेजमाथि पर्याप्त छलफल हुनुपर्नेमा सरकारले यसलाई छोटो समयमा सीमित गरेको उनको तर्क छ।नेता आङदेम्बेले विगतमा कम्तीमा तीन दिनसम्म चल्ने यस्तो बहसलाई यसपटक ६ घण्टामा मात्र खुम्च्याइनु दुःखद भएको बताए।

नीति तथा कार्यक्रम कुनै ठट्टाको विषय नभई मुलुकको भविष्यसँग जोडिएको विषय भएकोले यसमा माननीय सांसदहरूले विस्तृत रूपमा धारणा राख्न पाउनुपर्ने उनले उल्लेख गरे।

सरकारले नीति तथा कार्यक्रममा 'डिजिटलाइजेसन' र प्रविधिको कुरा जोडतोडका साथ उठाए पनि गाउँका गरिब किसान र मजदुरको पहुँचमा प्रविधि पुऱ्याउने विषयमा भने ध्यान नदिएको आङदेम्बेले आरोप लगाए।

उनले सरकारले ल्याएको 'नागरिक एप' को प्रभावकारिताका लागि पनि सर्वसाधारणसँग गुणस्तरीय मोबाइल र प्रविधिको उपलब्धता अनिवार्य रहेको औंल्याए।

नीति तथा कार्यक्रममा 'मोबाइल' जस्ता आधारभूत प्रविधिको पहुँचबारे स्पष्ट खाका नहुनुले सरकारको सोंच अझै पनि भुईंतहका नागरिकसम्म पुग्न नसकेको देखिने उनको भनाइ थियो। दुई तिहाइ बहुमतको सरकारले नीति तथा कार्यक्रमलाई व्यवस्थित बनाउन र गरिब जनताको पहुँचसम्म पुऱ्याउन नसक्नु दुर्भाग्यपूर्ण भएको टिप्पणी गर्दै उनले आगामी बजेटमार्फत यस्ता त्रुटिहरू सच्याउन सरकारलाई आग्रह गरे।

प्रतिपक्षको भूमिकाबारे स्पष्ट पार्दै नेता आङदेम्बेले नेपाली काँग्रेस केवल विरोधका लागि विरोध गर्ने पक्षमा नरहेको स्पष्ट पारे। उनले राज्यको नियतमाथि शंका नगरे पनि कार्यशैली र प्राथमिकतामा परिवर्तनको आवश्यकता रहेकोमा जोड दिए।

सरकारले नीति तथा कार्यक्रममा 'डिजिटलाइजेसन' र प्रविधिका विषय जोडतोडका साथ उठाए पनि गाउँका गरिब किसान र मजदुरको पहुँचमा प्रविधि पुऱ्याउनेतर्फ भने ध्यान नदिएको आङ्देम्बेले आरोप लगाए। उनले सरकारले ल्याएको नागरिक एपको प्रभावकारिताका निम्ति पनि सर्वसाधारणसँग गुणस्तरीय मोबाइल र प्रविधिको उपलब्धता अनिवार्य रहेको औंल्याए।

"डिजिटलाइजेसनको कुरा गरिराख्दाखेरि हामीहरूले प्रविधिमा गाउँघरमा बस्ने साधारण मोबाइलको विषयमा हामीहरूले ध्यान दिन सकेनौं भने त्यो प्रविधिमार्फत् हामीले देशभरिको गरिब किसानलाई जोड्ने बाटोबाट त अवश्य पनि हामी पछि हट्ने भयौं।"-उनले भने।

दुईतिहाइ बहुमतको सरकारले नीति तथा कार्यक्रमलाई व्यवस्थित बनाउन र गरिब जनताको पहुँचसम्म पुऱ्याउन नसक्नु दुर्भाग्यपूर्ण भएको उनले टिप्पणी गरे। उनले आउँदो बजेटमार्फत् यस्ता त्रुटि सच्याउन सरकारलाई आग्रह गरे।

"हामीले तय गरेका हाम्रा कार्यक्रमहरू मध्यमवर्ग र अलिक एलिटवर्ग, अलिक उच्चवर्गको लागि मात्रै हो ? होइन," उनले भने-"हाम्रा योजनाहरू, हाम्रा सोंचहरू, हाम्रा वर्ष दिनका कार्यक्रमहरू गरिब, किसान र मजदुरतर्फ लक्षित हुनुपर्दथ्यो। तर, त्यस्तो नदेखिएको अहिलेको अवस्था छ।"

प्रतिपक्षको भूमिकाबारे स्पष्ट पार्दै नेता आङ्देम्बेले कांग्रेस केवल विरोध गर्ने पक्षमा नरहेको बताए। उनले राज्यको नियतमाथि शंका नगरे पनि कार्यशैली र प्राथमिकतामा परिवर्तनको आवश्यकता रहेकामा जोड दिए। यस्तै सरकारको नीति तथा कार्यक्रममाथि एमाले सांसद क्षितिज थेबेले पनि प्रश्नै प्रश्न गरेका छन्। उनले नीति तथा कार्यक्रमले स्पष्ट दिशा दिन नसकेको टिप्पणी गरे।

'नीति तथा कार्यक्रमले मुलकलाई स्पष्ट आर्थिक, वैचारिक र संरचनात्मक दिशा दिन सकेको छैन। लोकल्यणकारी राज्यको मूल मर्मलाई यो कार्यक्रमले आत्मसाथ कि अस्वीकार गरेको छ।'- थेबेले भने।

सरकार नवउदारवादी आर्थिक नीतिको दिशामा अघि बढ्न खोजेको उनले टिप्पणी गरे। 'उत्पादनमुखी अर्थतन्त्रको आधार के हो ? रोजगारी सिर्जनाको स्पष्ट खाका कहाँ छ ?' उनको प्रश्न छ।

## अमेरिका माथि नेपालको शानदार जित



बुटवल। नेपाली राष्ट्रिय क्रिकेट टोलीले आइसीसी विश्वकप लिग-२ त्रिकोणात्मक शृंखलामा अमेरिकालाई पराजित गर्दै जारी सिरिजमा पहिलो जित दर्ता गरेको छ।

शनिबार भएको सिरिजको आफ्नो दोस्रो खेलमा अमेरिकालाई नौ विकेटले हराउँदै सानदार जित हात पारेको हो। सिरिजको पहिलो खेलमा नेपाल स्कटल्यान्डसँग डीएल मेथडमा दुई रनले पराजित भएको थियो।

अमेरिकाले भने जारी शृंखलामा लगातार दोस्रो हार बेहोरेको हो। शृंखलाको पहिलो खेलमा अमेरिका स्कटल्यान्डसँग डीएल मेथडमा दुई रनले नै पराजित भएको थियो।

शृंखलाको आफ्नो तेस्रो खेलमा नेपालले सोमबार स्कटल्यान्डसँग खेल्ने तालिका छ। शृंखलाको अन्तिम खेलमा नेपालले शुक्रबार पुनः अमेरिकासँग खेल्नेछ।

शनिबार अमेरिकाले दिएको १९६ रनको लक्ष्य नेपालले ३६.४ ओभरमा एक विकेटको क्षतिमा भेट्टायो। अमेरिकाविरुद्ध पहिलो विकेटका लागि ओपनर कुशल भुर्तेल र आशिफ शेखले १४५ रनको साझेदारी गरेपछि नेपालले सहज जित निकालेको हो। ओडीआईमा पहिलो विकेटका लागि भएको यो दोस्रो ठूलो साझेदारी हो। नेपालको ओडीआईमा समग्रमा यो चौथो ठूलो साझेदारी हो।

कुशलले १२० रनको अविजित पारी खेले। उनले ११८ बलमा १३ चौका र ६ छक्का प्रहार गरे। ओडीआईमा कुशलको यो सर्वाधिक स्कोर हो। यसअघि उनले नामिबियाविरुद्ध ११५ रन बनाएका थिए। कुशलले १०४ बलमा १२ चौका र ३ छक्का सहयोगमा शतक पूरा गरे। ओडीआईमा उनको यो दोस्रो शतक हो। घरेलु मैदानमा भएको लिग-२ सिरिजको पछिल्ला तीन खेलमा उनी बेन्चमा थिए। उनले यसअघि २०२३ मा घरेलु मैदानमा नै लिग-२ सिरिजमा नामिबियाविरुद्ध शतक पूरा गरेका थिए।

अर्का ओपनर आशिफ शेखले ७२ बलमा ७ चौका सहयोगमा ५८ रन बनाए। उनी मोहम्मद मोहसिनको बलमा हरमित सिंहको हातबाट क्याच आउट भए।

» बाँकी ३ पेजमा






# सम्पादकीय

## विधिको शासनको उल्लंघन

सरकारले निर्माण व्यवसायीलाई विनाकारण र गैरकानुनी ढंगले पक्राउ गरी विधिको शासनको उल्लंघन गरेको छ। निर्माण व्यवसायी रमेश शर्मा र पिताम्बर बडुलाई उपत्यका अपराध अनुसन्धान कार्यालयको प्रहरी टोलीले पक्राउ गरी भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालयको सचिवालयमा बुझाउनु असामान्य घटना हो, जुन घटनाले निर्माण व्यवसायीलाई त्रसित र भयभित बनाएको छ।

शर्मा र बडु नेपालका प्रतिष्ठित निर्माण व्यवसायी हुन्। उनीहरुले गरेको विगतको काम राम्रै देखिन्छ। अहिले साँगा-धुलिखेल सडक निर्माणको जिम्मा बडुकोलामा कन्स्ट्रक्सनले पाएको छ। मुग्लिङ-नौबिसेको जिम्मा रमेशको शर्मा कम्पनीले पाएको छ। मुलुकका दुई प्रतिष्ठित निर्माण कम्पनीका व्यक्तिमाथि राज्यले गरेको उदण्ड र अराजक व्यवहारले समाजलाई अराजकताको बाटोतिर लैजाने जोखिम बढेको छ। निर्माण व्यवसायमा समस्या छन्, निर्माण व्यवसायी कतिपय अवस्थामा कमजोरी गरेका छन्, उनीहरुलाई ती कमजोरी सुधार गर्न समय दिने र सुधार नगरे कानुनी कारबाहीको बाटो छँदैछ। प्रहरी लगाएर मन्त्रीको सचिवालयले केरकार गर्ने विषयले सुशासनको धज्जी उडाएको छ। निर्माण व्यवसायीलाई बोलाए मन्त्रालय आउनसक्छन्। सम्बन्धित ठाउँमा बोलाउँदा समेत अटेरी गरे प्रहरी खटाएर पक्राउ गर्न सरकारले सक्छ। त्यसभन्दा पहिले नै प्रहरी खटाएर पक्राउ पूर्जी दिएर मन्त्रालयमा उपस्थित गराउनु राज्य व्यवसायीप्रति अनुदार भइरहेको संकेत गर्छ। व्यवसायीको प्रतिष्ठा र मर्यादाप्रति सरकारले पटक्कै ध्यान दिएन्। मन्त्रीको सचिवालय सामु काममा भइरहेको ढिलाइबारे व्यवसायीले बेली विस्तार लगाए,– बेलैमा बिजुलीको पोल सारिएन्, रूख काटिएन्, निर्माण सामग्रीको अभाव भयो। अहिले विटुमिनको चर्को मूल्यवृद्धिले काम गर्नै नसक्ने अवस्था छ। व्यवसायीका यी कुरा सुनेका सचिवालयका सदस्यले अब घर जानसक्ने बताएपछि व्यवसायी घर गए। सडक निर्माणमा भइरहेको ढिलाइबारे समस्या बुझ्न पक्राउ गर्नै पर्ने के बाध्यता आयो ? लोकतान्त्रिक प्रणालीमा सरकारले यो प्रश्नको जवाफ दिनुपर्छ।

समयमा बिजुलीको पोल नसार्नु व्यवसायीको कमजोरी हो ? रूख नकाट्दा हुने निर्माण ढिलाइमा व्यवसायीलाई दोष दिन मिल्छ ? निर्माण सामग्रीको व्यवस्थापनमा राज्यका निकायले सहजीकरण गर्न पर्दैन ? यी प्रश्नको उत्तर सरकारले दिनुपर्छ। बरु सरकारको गैरजिम्मेवारीपन र नालायकीले व्यवसायीलाई 'अपराधी' र 'बदमास' बनाउँदैछ।

मुलुकमा नागरिकले सम्मानका साथ बाँच्न पाउने वातावरण बनाउनुपर्छ। भय र त्रासमा बाँच्न पर्ने अवस्था आउनुले लोकतन्त्रको धज्जी उडाएको छ। अझ व्यवसायीलाई पलायनको बाटोमा लैजान खोजिएको हो भने त्यसले निम्त्याउने जोखिम झनै ठूलो हुन्छ। विधि र पद्दतीमा चल्ने र चलाउने एंव प्रणालीको विकास गर्ने परिपाटीलाई जोड दिंदा मुलुक सही बाटोमा अघि बढ्छ। सरकारले विधिलाई स्थापित गर्नेभन्दा हुकुम र आदेशलाई स्थापित गर्ने बाटोतिर अघि बढेको छ। सरकारको यस्तो व्यवहार सुधार गरी विधि र पद्दतीलाई स्थापित गर्न जोड दिनुपर्छ।

# जेनजी आन्दोलनमा देश र जनतालाई ठूलो क्षति, नेतृत्व परिवर्तनबाहेक भएन केही प्रगति !

अनुसा थापा

सबै पार्टी देश बनाउने नारा लगाउँछ । तर, कहिले बन्छ देश ? जेनजीहरुले ३६ वर्षसम्म पुराना दलले केही गरेनन्, देश लुटेर खाए भनेर विरोध गरे । देश खरानी बनाए । अहिले त जेनजीले रोजेकै सरकार बनेको छ । सरकार गठनको पनि दुई महिना हुन लागिसक्यो । यो सरकार पनि 'हात्ती आयो, हात्ती आयो, फुस्सा' बन्छ जस्तो छ । यो सरकार आगोमाथि हिंडेको छ।




भदौ २३ र २४ गते भएको जेनजी प्रदर्शन अझैं पनि आम नागरिकको मानसपटलमा ताजै छ। केपी शर्मा ओली नेतृत्वको सरकारले सामाजिक सञ्जालमाथि लगाएको प्रतिबन्धको विरोधमा सुरु भएको सो प्रदर्शनले सत्ता उलटपुलट पार्यो । त्यो प्रदर्शनमा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने र काठमाडौं महानगरपालिकाका तत्कालीन मेयर बालेन्द्र साहको ऐक्यबद्धता थियो ।

रवि त्यतिबेला सहकारी ठगीको मुद्दामा नख्खु कारागारमा थिए । कारागारबाटै उनले जेनजी आन्दोलनलाई समर्थन गरे । २८ वर्षमूनिका किशोरकिशोरी, युवायुवतीलाई प्रदर्शनमा आउन भनिएको थियो । उनीहरुको आह्वानस्वरुप जेनजीहरु प्रदर्शनमा सहभागी थिए। प्रदर्शनमा सहभागी भएकोमध्ये अधिकांश स्कुल र कलेजकै ड्रेसमा थिए। ब्याग बोकेर नाराबाजी गर्दै उनीहरु आन्दोलनमा आइपुगेका थिए।

प्रश्न उठ्छ-पढ्न भनेर घरबाट निस्किएका विद्यार्थी कसरी आन्दोलनमा आइपुगे ? आन्दोलनमा जान विद्यालयले कसरी अनुमति दियो ? नेपालको कानुनले विद्यार्थीलाई कुनै पनि आन्दोलनको कार्यक्रममा सहभागी गराउन नपाउने व्यवस्था गरेको छ। विद्यार्थीहरु आन्दोलनमा गएमा त्यसको जिम्मा स्कुलले लिनुपर्छ। दुई दिने प्रदर्शनमा देशभर ७७ जनाको मृत्यु भयो। हजारौं घाइते र अंगभंग भए।

जसमा अधिकांश विद्यार्थी छन् । राज्यले जम्मा ४५ जनालाई शहीद घोषणा गर्यो । तिनलाई १५ लाख रुपैयाँको दरले क्षतिपूर्ति उपलब्ध गराइयो । तर, अन्यको मृत्युलाई सरकारले बेवास्ता गर्यो । रास्वपाका सभापति लामिछाने कारागारबाट निस्किएपछि अन्य कैदीबन्दी पनि निस्किए। सो क्रममा सुरक्षाकर्मीले चलाएको गोली लागेर पाँच जनाको ज्यान गएको छ। यता, बाल सुधार गृहमा भागदौड हुँदा पाँच बालकको मृत्यु भएको छ।

राज्यले आफैंले गोली चलाएर मारेकोहरुलाई शहीद घोषणा गरेन। भाटभटेनीमा जलेर मरेकाहरुको हकमा पनि त्यही भयो। न शहीद घोषणा गरियो न क्षतिपूर्ति दिइयो। जेनजी घाइतेको उपचारमा राज्य कोषबाट अर्बौं रुपैयाँ खर्च भएको छ। सरकारले घाइतेको वर्गीकरण सकाएको छ। वर्गीकरणअनुसार घाइतेहरुले मासिक ९ देखि १८ हजार रुपैयाँ भत्ता पाउने व्यवस्था गरिएको छ।

जेनजी प्रदर्शनमा सरकारीतर्फ ८४ अर्ब ७७ करोड ४५ लाख रुपैयाँ बराबरको क्षति भएको छ। जनताले तिरेको करबाट निर्माण भएको भौतिक संरचना र गाडी खरानी भएको छ। ती भौतिक संरचना निर्माण गर्दा पहिलेभन्दा दोब्बर खर्च लाग्छ। गाडी खरिदका लागि फेरि छुट्टै बजेट विनियोजन गर्नुपर्ने हुन्छ। निजी सम्पत्तिमा २७ खर्बको क्षति भएको आंकडा निकालिएको छ।

कति कर्मचारीले जल्यो भनेर कार्यालयमा भएको सामानहरु घरतिर दौडाएका छन्। लाखौं पर्ने सरकारी सामानहरु कर्मचारीको घरमा छ। सामानहरु मर्मतमा पनि ठूलो खेलको फड्को भएको छ। मर्मत गर्दा पाँच लाख लागेकोमा २५ लाखको बिल बनेको छ। जेनजी प्रदर्शनमा सबैभन्दा बढी फाइदा कर्मचारीलाई भएको छ। नयाँ सामान खरिदमा पनि भ्रष्टाचार भएको छ।

सामान किन्दै, घोटाला गर्दै। कार्यालयमा रंगरोगन गर्दा पनि घोटाला भएको छ। बागमती प्रदेशका सभामुखले जेनजी आन्दोलनकै क्रममा पदबाट राजीनामा दिए। प्रदेशमा सभामुख नभएको नौ महिना भयो। सभा नबसे पनि सांसदहरुले तलब र भत्ता बुझ्ने क्रम जारी छ। यता, संसद् सचिवालयको कर्मचारीले पनि कामै नगरिकन तलब खाइरहेका छन्। बालेन सरकार गठन भएको दुई महिना नबित्दै खर्बौं ऋण थपिएको छ।

सरकारले चार पटक ऋण स्वीकृत गरिसकेको छ। पुरानै सरकारले लिएको ऋण ३२ खर्ब छ। निर्माण व्यवसायीको ४५ अर्ब, स्वास्थ्य बिमाको ४३ अर्ब, कोरोना उपचारको २४ अर्ब र दूध र उखु किसानको सात अर्ब बक्यौता भुक्तानी गर्न सकिएको छैन। २०८२-८३ को बजेटमा १५ खर्ब ४० अर्ब ८४ करोड राजस्व संकलन गर्ने लक्ष्य थियो। त्यो बजेट कार्यान्वयनमा गएको १० महिना भयो।

तर, जम्मा सात खर्ब मात्र राजस्व उठ्यो। जबकि, खर्चचाँहि १२ खर्ब भएको छ। अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले संसदीय समितिको बैठकमा बोल्दै राज्य सञ्चालन गर्न एक आर्थिक वर्षमा १३ खर्ब ३० अर्ब खर्च लाग्ने बताएका थिए। सात खर्ब मात्रै राजस्व उठ्ने बताउँदै उनले स्रोत जुटाउने चिन्ता व्यक्त गरेका थिए। राजस्व उठाउने ठाउँ नै नभएको उनको जिकिर थियो।

देशमा पाँच लाखभन्दा बढी पेन्सन खाने कर्मचारी छन्। उनीहरुले मासिक २५ हजारदेखि लाख रुपैयाँसम्म पेन्सन थाप्छन्। ४२ लाखले भत्ता खान्छन्। उनीहरुले मासिक चार हजार भत्ता थाप्छन्। ३८ हजार जनप्रतिनिधिलाई पनि पाल्नै परेको छ। पद हेरेर तिनले ५० हजारदेखि तीन लाखसम्म तलब बुझ्छन्। लाखौंको संख्यामा सुरक्षाकर्मी, निजामती कर्मचारी, स्वास्थ्यकर्मी, शिक्षक कार्यरत छन्।

उनीहरुले ३५ हजारदेखि लाखसम्म तलब थाप्छन्। दशै पेश्की, उपचार खर्च, वर्षमा दुई जोर पोशाक उपलब्ध गराउनुपर्छ। सुरक्षाकर्मीलाई त बिहान बेलुका खाना पनि खुवाउनुपर्छ। करार र ज्यालादारीमा कार्यरत कर्मचारीको संख्या लाखौं छ। उनीहरुले पेन्सनबाहेक अन्य सबै सेवासुविधा पाउँछन्। ३२ हजार कैदीबन्दी विभिन्न जेलमा छन्। तिनलाई खान पनि खुवाउनुपर्यो, उपचार पनि गराउनुपर्यो। दैनिक ८० रुपैयाँ भत्ता पनि दिनुपर्छ।

सबै पार्टी देश बनाउने नारा लगाउँछ। तर, कहिले बन्छ देश ? जेनजीहरुले ३६ वर्षसम्म पुराना दलले केही गरेनन्, देश लुटेर खाए भनेर विरोध गरे। देश खरानी बनाए। अहिले त जेनजीले रोजेकै सरकार बनेको छ। सरकार गठनको पनि दुई महिना हुन लागिसक्यो। यो सरकार पनि 'हात्ती आयो, हात्ती आयो, फुस्सा' बन्छ जस्तो छ। यो सरकार आगोमाथि हिंडेको छ।

सरकार सामुन्ने धेरै चुनौती छ। ती चुनौती पार गरेर देश बनाउन बालेन सरकारसँग के योजना छ ? रास्वपाले देश बनाउँछु भनेर भोट मागेको छ। त्यसैले जनताले १८२ सीट दिएको छ। सीट जितेर मात्र हुँदैन, काम गर्ने क्षमता चाहिन्छ। बोल्न सजिलो छ, काम गर्न धेरै गाह्रो। रास्वपाले छिमेकी देशले कब्जा गरेको नेपाली भूभाग फिर्ता ल्याउन सक्छ ? भूमाफिया र सुकुम्वासीको नाममा कब्जा भएको जमिन सरकारले खोज्न सक्छ ?

वैदेशिक रोजगारीमा रोक लगाएर जनतालाई यहीँ रोजगारी दिन सक्छ ? उद्योग, कलकारखाना खोल्न सक्छ ? माग्ने मान्छेको संख्या बढेको बढ्यै छ। यिनीहरु सबै जनता हुन्। तिनलाई यो सरकारले व्यवस्थापन गर्न सक्छ ? आम्दानीको स्रोत के छ राज्यसँग ? नबोल्दै र कालो चश्मा र लुगा लाउँदैमा देशमा विकास हुँदैन। विकास गर्नका निम्ति पैसा चाहिन्छ, योजना छैन।

जुन राज्यसँग छैन। बालेन सरकारले देशमा विकास गर्ने हो भने राजस्वको स्रोत खोज्नैपर्छ। खर्च कटौती गर्नैपर्छ। उद्योग, कलकारखाना स्थापनामा जोड दिनुपर्छ। हेर्दाहेर्दै दुई महिना जान लागिसक्यो। यो सरकारमाथि जनताले विश्वास गरेका छन्। त्यो विश्वासमा पानी हाल्ने काम सरकारले नगरोस्। फागुन २१ को निर्वाचनमा जनताले तिरेको २० अर्ब कर खर्च भएको छ।

२०७९ मंसिर ४ गते निर्वाचन हुँदा २७ अर्ब खर्च भएको थियो। २७ महिनाअगावै चुनाव भएको छ। यो चुनाव नेतृत्व फेर्नका लागि मात्र भएको होइन। बालेन सरकारले लोकतन्त्र र संविधान मान्छु, प्रदेश स्वीकार्छु भनेको छ। अब भनौ-परिवर्तन भयोचाँहि के ? सिर्फ नेतृत्व ? केपी गएर बालेन आए। तर, हुने केही देखिँदैन। रवि जेलबाट निस्किए। देशले केही पाएन, तर गुमायो धेरै।

यत्रो जनताको ज्यान गयो, सरकारी सम्पत्ति खरानी भयो। जनताले सोंचेकोजस्तो केही भएन।

अनुसा थापा
भक्तपुर

# स्वास्थ्यका लागि हानिकारक वस्तुमा 'पापकर' बढाउनुपर्ने कारणहरू

देवीप्रसाद शर्मा काफ्ले

सूर्तीजन्य वस्तु जस्तै चुरोट, खैनी/सूर्ती, पानपराग/मसला, गुट्का; मदिरायुक्त भोड्का, ह्विस्की, बियर, वाइन र कोक, फ्यान्टा, फ्रुटी, रेडबुल, एक्स्ट्रिम जस्ता चिनी मिश्रित गुलिया पेयहरू मानव स्वास्थ्यका लागि हानिकारक मानिन्छन्। निकोटिनयुक्त सूर्तीजन्य वस्तुको सेवनले क्यान्सर हुने, चिनीयुक्त गुलिया पेयहरूले मानिसमा मधुमेह र तौल वृद्धि भई दीर्घरोगमा परिणत हुने प्रमाणित तथ्यहरूको आधारमा यस्ता सन्देशहरू विश्व स्वास्थ्य सङ्गठनका विज्ञहरू, स्वास्थ्य क्षेत्रमा कार्यरत डाक्टर लगायतका स्वास्थ्यकर्मीहरू र सोच केन्द्रहरूको नामबाट समय-समयमा सञ्चार माध्यमहरूमा आउने गरेका छन्।

शरीरमा कुनै एक रोग लागेपछिको असरले रक्तचापको पनि समस्या देखिने हुन्छ। त्यसैले सूर्तीजन्य वा मदिरा वा गुलिया पेयका पारखीहरूलाई यो लेखको अध्ययन गर्नु श्रेयस्कर ठान्दछु। आलेखको अन्त्यसम्म ध्यानपूर्वक पढेमा रक्तचाप वा मोटोपना वा सुगर बढ्नेलगायतका रोगको कारण पत्ता लाग्ने र यस्ता वस्तुको साथ तथा सङ्गत छाड्ने प्रण गरेमा निरोगिताको बाटो देखापर्ने र आर्थिक नोक्सानी नहुने आशा पङ्क्तिकारको छ।

नेपाल लगायत विश्वमै कर विज्ञको रूपमा परिचित डा. रूप खड्काज्यूले केही दिनपहिले एक चर्चित अनलाइन पत्रिकामा 'पापकर' को बारेमा लामो लेख प्रकाशित गर्नुभएको थियो। त्यस्तै, केही दिनअगाडि पङ्क्तिकारले एक दीर्घरोगी आफन्तलाई भेट्दा उहाँले कुनै जुनीको पापले गर्दा यस्तो असाध्य रोग लागेको दुःखेसो व्यक्त गर्नुभएको थियो। गफैगफमा जवानीमा धूम्रपान/मद्यपानका घोर अम्मली भएकोले हाल क्यान्सरले थला पर्नुभएको चर्चा हामीले गरेका थियौं। पूर्वीय मान्यतामा रोग लाग्नु पापले हो भन्ने मानिन्छ। रोग लागेपछि शरीर सकिने, उपचारमा धनसम्पत्ति सकिने हुँदा पापको फल जीवनकालमै भेटिन्छ। त्यसैले मानव स्वास्थ्यमा हानिकारक यी वस्तुहरूमा 'पापकर' लगाएर भए पनि सरकारले आफ्ना नागरिकहरूलाई रोगबाट र आर्थिक नोक्सानीबाट बचाउनुपर्दछ।

विकसित मुलुकहरूमा अन्तःशुल्क (Excise Tax)लाई 'सिन ट्याक्स' (Sin Tax) अर्थात् 'पापकर' नामले बुझाइन्छ र उच्च दरमा लगाइन्छ। छिमेकी मुलुकहरूमा पनि यी वस्तुमा अन्तःशुल्क उच्च छ। त्यसैले नेपालमा यी वस्तुहरूमा उच्च दरले 'पापकर' लगाउनुपर्छ भन्न खोजिएको हो। नेपालमा यी वस्तुहरूमा लाग्दै आएको अन्तःशुल्कको दर कम भएकोले बढाएर सरकारले राजस्वको कमीलाई पूर्ति गरोस् भनेर सुझाव गरिएको हो।

यस आलेखमा सूर्तीजन्य, मदिराजन्य र गुलिया पेय पदार्थमा अप्रत्यक्ष कर/पापकर/अन्तःशुल्क बढाएर महँगो पारी सर्वसाधारणको पहुँचभन्दा बाहिर अथवा खरिद गर्न नसक्ने पार्नुपर्ने केही तर्कहरू बुँदामा प्रस्तुत गरेको छुः

१) सूर्ती र सूर्तीजन्य अथवा सूर्ती मिश्रित पदार्थहरूको दीर्घकालसम्म सेवन गर्नेहरू क्यान्सर, क्षयरोग, दमजस्ता घातक रोगबाट सङ्क्रमित र पीडित हुने गरेको अध्ययनहरूले पुष्टि गरेका छन्। व्यवहारमा देखिएका छन्। विज्ञहरूले पटक-पटक र विभिन्न माध्यमहरूबाट भनेका छन्। त्यस्तै मदिराजन्य उत्पादन र गुलिया पेयहरूले मधुमेह हुने, मोटोपना बढ्ने जस्ता दीर्घकालीन स्वास्थ्य समस्या हुन्छ। त्यसैले पनि यी वस्तुहरूमा अप्रत्यक्ष कर बढाएर महँगो पार्नुपर्छ।

२) चुरोट र मदिराका उत्पादकहरूले आफ्ना उत्पादनहरू राख्ने बट्टा, बोतल वा पाउचमा र ती वस्तु प्याकिङ गर्ने कन्टेनर वा कार्टुनहरूमा यी वस्तुहरूको सेवन गर्नु स्वास्थ्यका लागि हानिकारक छ भन्ने सन्देश र मनै तर्सिने प्रकृतिका तस्बिर राखेका हुन्छन्। यो नै प्रमाणित तथ्य हो ती वस्तुको सेवन गर्नु हुँदैन तर भइरहेको छ। यी हानिकारक वस्तुहरूमा अन्तःशुल्क जस्ता अप्रत्यक्ष कर बढाएर महँगो पार्नुपर्छ र सामान्य आय भएका जनताले खरिद गर्न हिचकिचाउनुपर्ने बनाउनुपर्दछ।

३) नेपालमा सूर्तीजन्य पदार्थको उपभोगबाट सिर्जित हुने क्यान्सर र नसर्ने तर गम्भीर रोगहरूको कारणले मात्रै वर्षेनी ३९ हजार दुई सयभन्दा बढी मानिसहरूको जीवनलीला समाप्त हुने गरेको तथ्याङ्क सार्वजनिक भएको छ। यो बाहेक मदिराजन्य वस्तुहरूको सेवनबाट लागेका रोगले हुने मृत्यु र दुर्घटना, घरेलु हिंसाबाट हुने असामयिक जीवन समाप्तिको तथ्याङ्क जोड्ने हो भने भयावह दृश्य देखिनेछ। यस्तो असामयिक मृत्युको अवस्थामा पुऱ्याउने वस्तुहरूको उपभोगलाई निरुत्साहित पार्न ती उत्पादनहरूलाई महँगो बनाउनुपर्दछ। स्वास्थ्यका लागि हानिकारक र महँगा वस्तुहरू कम खरिद एवं खपत हुन्छन् भन्ने विश्वव्यापी मान्यता अनुरूपको पूर्वानुमान हो। त्यस्ता वस्तुहरूमा अप्रत्यक्ष कर बढाएर महँगो पार्ने विश्वव्यापी स्वीकृत उपाय पनि हो।

४) अर्थशास्त्रका पिता मानिने एडम स्मिथले सूर्ती (Tobacco) लाई यो मानव जीवनमा कुनै आवश्यकताको वस्तु होइन, यसमा कर लगाउनु उपयुक्त छ भन्दछन्। वास्तवमै मानवीय जीवनयापनका लागि सूर्ती, मदिरा र अस्वस्थकर गुलिया उत्पादनहरूको कुनै औषधीय वा पौष्टिक महत्त्व छैन। काँचो वा सुकेको सूर्ती कुनै पनि जीवजन्तुले नखाने र मानिसको जीवन निर्वाहका लागि आवश्यक नपर्ने ती पदार्थमा सरकारले अप्रत्यक्ष कर बढाउन हच्किनुपर्ने देखिँदैन।

५) नेपाल विश्व स्वास्थ्य सङ्गठनको सदस्य राष्ट्र हो। उक्त सङ्गठनले सूर्तीजन्य वस्तुको खुद्रा मूल्यमा ७० देखि ७५ प्रतिशतसम्मको अंश कर हुने गरी दरहरू कायम गर्न सिफारिस गरेको छ। सङ्गठन भन्दछ तर सरकारले देशको राजस्वको आवश्यकता र जनताको स्वास्थ्यप्रतिको जिम्मेवारी बोध गरेर करका दरहरू तोक्ने सम्बन्धमा सदस्य राष्ट्रहरू सार्वभौम छन्। विश्व स्वास्थ्य सङ्गठनको यो सिफारिस हुँदाहुँदै पनि नेपालमा यस्ता वस्तुहरूको खुद्रा मूल्यमा अप्रत्यक्ष करको अंश ४० प्रतिशत पनि नपुगेको हुँदा कर बढाउने प्रशस्त सम्भावना रहेको छ।

६) नेपालका छिमेकी र दक्षिण एसियाली क्षेत्रका देशहरूमा चुरोट र सूर्तीजन्य वस्तुहरूमा लाग्ने अप्रत्यक्ष कर नेपालको भन्दा धेरै रहेको पाइन्छ। नेपालको निकटतम छिमेकी भारतमा ५८ प्रतिशत अप्रत्यक्ष कर रहेको छ भने उत्तरी छिमेकी मित्रराष्ट्र चीनमा पनि ५५ प्रतिशतभन्दा बढी कर रहेको छ; तर नेपालमा भने ४१ प्रतिशत छ। त्यसैले यी वस्तुहरू सस्ता र सर्वसाधारण नेपालीको खरिद सामर्थ्यभित्र रहेका देखिन्छन्।

७) स्वास्थ्य क्षेत्रसम्बद्ध अर्थशास्त्रीका अनुसार नेपालमा सूर्तीजन्य वस्तुको उपभोगको कारण सिर्जित स्वास्थ्य समस्याको निराकरणको निमित्त र तत्सम्बन्धी प्रत्यक्ष, अप्रत्यक्ष र सहयोगी खर्चमा नेपालको कुल गार्हस्थ्य उत्पादनको करिब १.०४ प्रतिशत आर्थिक नोक्सानी हुने गरेको छ। सूर्तीजन्य वस्तुको उपभोग नगरेमा यो आर्थिक नोक्सानी बचतमा परिणत भई देशको पूर्वाधार विकासमा अथवा उत्पादनमूलक कार्यमा प्रयोग गर्न सकिनेछ।

८) सूर्तीजन्य वस्तु, मदिराजन्य र गुलिया पेयमा करको माध्यमबाट महँगो पार्नुलाई गरिबोन्मुख नीति मान्न सकिन्छ। किनकि विपन्न वर्ग यस्ता सस्ता र तुलनात्मक रूपले स्वास्थ्यका लागि बढी हानिकारक एवं गुणस्तरहीन उत्पादनहरूको उपभोग गर्ने कारण स्वास्थ्य जोखिम बढी हुने, तर त्यसको महँगो उपचार खर्चले गर्दा झन्-झन् गरिबीमा परिणत हुन्छन्। त्यसैले ती पदार्थहरूमा लाग्ने अप्रत्यक्ष कर बढाएर मूल्य बढ्न जाँदा विपन्न वर्गले उपभोग त्याग्ने वा कम गरेर सु-स्वास्थ्यको लाभ लिन सक्ने हुँदा यो नीतिलाई गरिबोन्मुख नीति मानिएको छ।

९) नेपालमा सूर्ती र सूर्तीजन्य उत्पादन एवं मदिरामा परिमाणात्मक दरमा अन्तःशुल्क लगाउने प्रचलन रहेको छ। परिमाणमा आधारित राजस्वका दरमा वर्षेनी परिमार्जन गर्नुपर्दछ। यदि नगरिएमा अर्थतन्त्रमा हुने नियमित मूल्यवृद्धि तथा मुद्रास्फीतिको कारण राजस्वको भार घट्ने अवस्थाको सिर्जना हुन्छ। साथै आर्थिक वृद्धिबाट प्रतिव्यक्ति आयमा तथा उपभोक्ताको क्रयशक्तिमा हुने बढोत्तरीले ती वस्तुहरू झन् सस्तोमा परिणत हुन्छन्। तसर्थ त्यस्ता पदार्थहरूमा लागेको अन्तःशुल्कका दरहरूमा नियमित र वर्षेनी वृद्धि गर्नै पर्दछ। यस्तो वृद्धि ती वस्तुका उपभोक्ताले महसुस गर्ने गरी होस् भन्ने चाहना हामी अभियन्ताहरूको हो।

» बाँकी ३ पेजमा

# लुम्बिनी बोर्डिङ्मा एसईई उत्तीर्णलाई सम्मान




बुटवल । बुटवल-३, सहस्रपथमा रहेको लुम्बिनी बोर्डिङ् स्कुलमा एसईई २०८२ मा दुई जना ४ जीपीएसहित शतप्रतिशत उत्तीर्ण गरी ऐतिहासिक नतिजा हासिल विद्यार्थीहरूलाई बधाई तथा शुभकामना कार्यक्रम सम्पन्न भएको छ ।

लुम्बिनी बोर्डिङ् स्कुल विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दयाराम बस्यालको अध्यक्षतामा सञ्चालित कार्यक्रममा प्रमुख अथितिको रुपमा बुटवल उप-महानगरपालिका वडा नं. ३ का अध्यक्ष विष्णु ढकाल रहेका थिए । विद्यालयका सह-प्राचार्य कौशल राज बस्यालले उपस्थित सबैलाई स्वागत गर्नुको साथै स्कुलको एसईई नतिजाको बारेमा प्रकाश पारेको सोही कार्यक्रममा एसइमा ४ जीपीए प्राप्त गर्ने २ जना विद्यार्थी र तिनका अभिभावकका साथै शतप्रतिशत नतिजा हासिल गर्ने विद्यार्थी र अभिभावकसमेत सहभागी भएका थिए । यसका साथै प्याब्सन केन्द्रीय सदस्य यज्ञमूर्ति पाण्डे, लुम्बिनी बोर्डिङ्का प्राचार्य एवम् प्याब्सन लुम्बिनी प्रदेशका अध्यक्ष लालहरि पाण्डे, मणिमुकुन्द कलेजका प्राचार्य टुकबहादुर क्षेत्री, सह-प्राचार्य दिवाकर खनाल, मणिमुकुन्द माविका उपाध्यक्ष उमापति न्यौपाने, बिहानी संयोजक पशुपति चौधरीलगायत पत्रकार र शिक्षक शिक्षिकाहरूको समेत उक्त कार्यक्रममा उपस्थित रहेको थियो । सोही कार्यक्रममा मणिमुकुन्द कलेजका प्राचार्य टुकबहादुर क्षेत्री, प्याब्सन केन्द्रीय सदस्य यज्ञमूर्ति पाण्डे र बुटवल -३ का वडाध्यक्ष विष्णु ढकालले मन्तब्यका क्रममा विद्यालयको प्रशंसा गर्दै यस पटकको एसईईमा दुई जनाले ४ जीपीएसहित उत्कृष्ट नतिजा हासिल गरेकोमा विद्यालय र विद्यार्थी एवम् अभिभावकहरूलाई बधाई तथा शुभकामना व्यक्त गरेका थिए ।

शिक्षक, अभिभावक, विद्यार्थीलगायतको समूहले चिडियाखोलाका वरिपरिका गल्लीहरु, गोलपार्क, बमघाट, अमरपथ, मजुवा, बुद्धनगर, देवीनगर, कालिकानगर र शंकरनगरलगायतका क्षेत्रहरूमा पञ्चेबाजासहित र्‍याली एवम् परिक्रमा गरेको थियो ।

# रूपन्देही सुपरलिगः वेष्टर्न क्रिकेट क्लब विजयी




भैरहवा । 'पञ्चकन्या रुपन्देही सुपरलिग' अन्तर्गत भैरहवामा जारी 'ए' डिभिजनको शनिबारको खेलमा वेष्टर्न क्रिकेट क्लबले जित हात पारेको छ । वेष्टर्नले जेआर क्रिकेट क्लबमाथि ३ विकेटको जित निकालेको हो ।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा टस जितेर ब्याटिङमा आएको जेआरले निर्धारित ५० ओभरमा सबै विकेटको नोक्सानीमा १ सय ७१ रन बनायो । उसका लागि गगन अधिकारीले ५५, विमल भट्टराईले २८, विशाल भुसालले २१, दिनेश विष्टले १९ र अनमोल श्रीस थापाले १७ रन बनाए । बलिङमा वेष्टर्नका सन्देश थापा र अभिशेष गौतमले ३-३ तथा कलम अली मुसलमानले २ र सुभाव थापाले १ विकेट हात पारे ।

जवाफी ब्याटिङ गरेको वेष्टर्नले ३४ ओभरमा ७ विकेट गुमाएर १ सय ७५ रन बनायो र जित निकाल्यो । उसको जितमा देव खनालले ५८, मिर्नाल गुरुङले ३२, अभिषेश गौतमले २१ तथा प्रज्ज्वल थापा र कलम अली मुसलमानले १९-१९ रनको योगदान गरे । बलिङमा जेआरका दिनेश विष्टले ३, कृष्ण पन्थीले २ तथा अशोक बोहरा र अनमोल श्रीस थापाले १-१ विकेट लिए । खेलमा अभिशेष गौतम म्यान अफ द म्याच भई एक हजार दुई सय रुपैयाँ प्राप्त गरे ।

रुपन्देही क्रिकेट संघको आयोजनामा जारी प्रतियोगिताको विजेता टिमले १ लाख १ रुपैयाँ र उप-विजेताले ५० हजार १ रुपैयाँका साथै ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन् । यस्तै, म्यान अफ द सिरिजले १५ हजार, बेष्ट ब्याटर, बेस्ट बलर र उदीयमान खेलाडीले जनही ५ हजार र प्रत्येक खेलको म्यान अफ द म्याचले १ हजार दुई सय रुपैयाँ प्राप्त गर्ने खेल संयोजक प्रथम पराजुलीले जानकारी दिए ।

प्रतियोगितामा माउण्ट एभरेष्ट कत्था मिलले विजेता र विके ज्वेलर्सले उपविजेता पुरस्कारको प्रायोजन गरेका छन् । यसैगरी सिद्धार्थ उद्योग वाणिज्य संघ, होटल स्टार होलिडे, स्थानीय खेलप्रेमी रविकुमार रौनियार, प्रतीक ट्रेड लिंक र स्थानीय व्यवसायी अमितकुमार गुप्ताले पनि प्रतियोगितालाई प्रायोजन गरेका छन् ।

# स्याङ्जामा एकहजार बढी भूमिहीन

**प्रकाश डोटेल**

*स्याङ्जा*




स्याङ्जा जिल्लाका ११ स्थानीय तहमध्ये १० वटा स्थानीय तहमा एक हजारभन्दा बढी भूमिहीन सुकुम्वासी भेटिएका छन् । जिल्लामा भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासी गर्दै आएका एक हजार ६२ घरपरिवार भूमिहीन अवस्थामा सुकुम्वासी भेटिएका हुन् ।

जिल्लामा भूमिहीन दलिततर्फ एक सय ६४ घरपरिवार छ भने भूमिहीन सुकुम्वासीमा दुई सय दुई र अव्यवस्थित बसोबासी ६ सय ९६ गरी एक हजार ६२ घरपरिवार भूमिहीन सुकुम्वासी भेटिएको हो । हालैमात्र खारेजीमा परेको भूमि समस्या समाधान आयोग जिल्ल्ला समितिले अध्ययनपछि तयार पारेको प्रतिवेदनअनुसार उक्त संख्यामा ऐलानी र पर्ती जमिनमा बस्दै आएका भूमिहीन सुकुम्वासी भेटिएको छ ।

स्थानीय तहसँग समन्वय गरेर वास्तविक सुकुमबासीको तथ्याङ्क तयार पारेको खारेजीमा परेको आयोगकी तत्कालिन जिल्ला अध्यक्ष ताराकुमारी शर्माले बताइन् । 'प्रत्येक पालिकामा पुगेरै भूमिहीन दलित, सुकुम्वासी र अव्यवस्थित बसोवासी गर्दै आएकाको हामीले पहिचान गरेको थियौं,' उनले भनिन्-'ऐलानी र पर्ती जमिन उपयोग गरेर बसोबास गर्दै आएका वास्तविक सुकुमबासीले निवेदन दिएकै आधारमा उक्त संख्या एकीन भएको छ ।'

भूमिहीन सुकुम्वासी रहेको भूसूचना प्रणालीमा प्रविष्ट गराएको तथ्याङ्कका आधारमा जिल्लाका स्थानीय तहमध्ये सबैभन्दा बढी फेदीखोला गाउँपालिकामा दुई सय ९५ र सबैभन्दा कम अर्जुनचौपारी गाउँपालिकामा ६ घरपरिवार भूमिहीन सुकुम्वासी भेटिएको छ । बिरुवा गाउँपालिकामा भने सुकुम्वासीका तर्फबाट कुनै निवेदन नपरेको नापी कार्यालय स्याङ्जाले जनाएको छ ।

त्यसैगरी चापाकोट नगरपालिकामा दुई सय ४९ घरपरिवार सुकुम्वासी छन् भने पुतलीबजार नगरपालिकामा एक सय ९० रहेका छन् । कालीगण्डकी गाउँपालिकामा एक सय १४, वालिङ नगरपालिकामा ६२, आँधीखोला गाउँपालिकामा ४८, भीरकोट नगरपालिकामा ४५, हरिनास गाउँपालिकामा ३० र गल्याङ् नगरपालिकामा २३ घरपरिवार भूमिहीन सुकुम्वासी रहेको तथ्याङ्क भूसूचना प्रणालीमा प्रविष्ट गरिएको छ ।

२०८१ माघबाट नियुक्ती पाएका जिल्लास्थित स्थानीय आयोगका पदाधिकारीले स्थानीय पालिकासँग समन्वय गरी भूमिहीन सुकुम्वासीको तथ्याङ्क संकलन गरेका थिए । संकलित तथ्याङ्क अनुसार आवेदकलाई भूमिहीन सुकुम्वासीको निस्सा दिने अन्तिम तयारी भएकै समयमा गएको भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपछि सबै काम रोकिएको आयोगका सदस्य सचिव तथा नापी कार्यालय प्रमुख इञ्जिनियर प्रभात पौडेलले जनाए ।

जिल्लास्थित आयोगले कार्यादेश पाएको झण्डै १० महिनाको अवधिमा अध्यक्षसहित तीन सदस्यले १६ लाखभन्दा बढी खर्च गरेका छन् । तलबतर्फ करिब ११ लाख, बैठक भत्ता शीर्षकमा झण्डै दुई लाख, अनुगमन मूल्याङ्कन, मसलन्द र विविधतर्फ झण्डै तीन लाख ५० हजार गरी झण्डै १६ लाख ५० हजार रुपैयाँ पदाधिकारीको नाममा खर्च भएको नापी कार्यालयले जानकारी दिएको छ ।

यसअघि बनेका आयोगका पदाधिकारले तलब र भत्ता मात्रै पकाउने काम गरेकै कारणले पछिल्लो आयोगले अपेक्षाकृत नतिजा दिन नसकेको बताइएको छ । पछिल्लो आयोगले तथ्याङ्क संकलन गरेसँगै सुकुम्वासीलाई निस्सा दिन लागेको थियो । दुई वर्षे कार्यकाल रहेको आयोगले पुरा अवधि काम गर्न पाएको भए जिल्लाका वास्तविक सुकुम्वासीको समस्या समाधान गरिने खारेजीमा परेको अयोगका पदाधिकारीले दाबी गरेका छन् ।

# आमा बुबाको नाममा डेढ लाखको अक्षयकोष



बुटवल । अर्घाखाँचीको छत्रदेव गाउँपालिका ७ काहुले विसौना जन्मघर भई हाल बुटवल ९ मिलनचोक निवासी छोरा रामप्रसाद पाण्डे, बुहारी शर्मिला पाण्डे, नाति प्रमाण पाण्डे, नातिनी बुहारी सुनिता पाण्डे र नाती प्रतीक पाण्डेले बुबा आमा र हजुरबुबा हजुर आमाको नाममा स्मृतिमा अक्षयकोष स्थापना गरेका छन् ।

आर्थिकरुपमा विपन्न तर जेहेन्दार विद्यार्थीलाई प्रोत्साहन गर्ने उद्देश्यले छत्रदेव ७ काहुले भुस्कातमा रहेको सरस्वती माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई प्रोत्साहन गर्ने उद्देश्यले शिवकला गुणानीधि जेहेन्दार अक्षयकोष २०८३ स्थापना गरिएको हो ।

१ लाख ५१ हजार १ सय ५१ रुपैयाँको अक्षयकोषबाट आउने ब्याजको रकम हरेक वर्ष उक्त विद्यालयको एकजना उत्कृष्ट विद्यार्थीलाई प्रदान गरिनेछ ।

शुक्रबार विद्यालयमा आयोजित एक समारोहका बीच अक्षयकोष स्थापना गर्नुहुने रामप्रसाद पाण्डे र शर्मिला पाण्डेको तर्फबाट उक्त रकम बराबरको चेक विद्यालयका प्रधानाध्यापक ठाकुरप्रसाद पाण्डेलाई हस्तान्तरण गरेका हुन् ।

त्यस अवसरमा बोल्दै अक्षयकोषका संस्थापक रामप्रसाद पाण्डेले भौगोलिक रुपमा विकट उक्त विद्यालयको बालबालिकालाई थोरै भए पनि प्रोत्साहन गर्ने उद्देश्यले बुबा आमाको नाममा अक्षयकोष स्थापना गरेको बताए ।

उनले आफूले पनि सोही स्कुलमा अध्ययन गरेकोले अहिले जहाँ बसे पनि जन्मस्थान भएको गाउँमा केही भए पनि सामाजिक क्षेत्रमा योगदान गरौं भन्ने उद्देश्यले अक्षयकोष स्थापना गरेको बताए ।

यस्तै अक्षयकोष संस्थापक शर्मिला पाण्डेले भौगोलिक रुपमा विकट गाउँका जेहेन्दार विद्यार्थीलाई अध्ययनमा थोरै भए पनि प्रोत्साहन होस् भन्ने उद्देश्यले परिवारको तर्फबाट अक्षयकोष स्थापना गरेको बताइन् ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नारायणप्रसाद पाण्डेले पहाडबाट बसाई सराइ गर्ने क्रम बढिरहेको बेला गाउँका स्कुलमा विद्यार्थी टिकाउन समस्या परिरहेको अवस्थामा यस प्रकारको अक्षयकोष स्थापनाले विद्यालयलाई पनि हौसला र प्रोत्साहन मिलेको बताए ।

विद्यालयका प्रधानाध्यापक ठाकुरप्रसाद पाण्डेले अक्षयकोष स्थापनाले गरिव तथा जेहेन्दार विद्यार्थीलाई पढाइमा सहयोग पुग्ने बताउँदै यस्तो पवित्रा काम गरेकोमा पाण्डे परिवारलाई धन्यबाटसहित आभार प्रकट गरे ।

पत्रकार छविलाल पाण्डेले आफ्नो सिंगो जीवन भगवती काहुलेमा बिताएका हजुरबुबा र हजुरआमाको स्मृतिमा स्थापना गरिएको अक्षयकोषबाट विद्यार्थीलाई प्रोत्साहन मात्रै नभै अहिलेको नयाँ पुस्तालाई यस प्रकारको सामाजिक र पवित्र काम गर्नुपर्दछ भन्ने सन्देश दिएको बताए ।

**स्वास्थ्यका...**

१०) विश्व बैङ्क र अन्तर्राष्ट्रिय मुद्रा कोष जस्ता वित्तीय संस्थाहरू र विश्व स्वास्थ्य सङ्गठन नेपालको विकास देख्न चाहने सहयोगी दाताहरू हुन् ।

यी संस्थाहरूले विभिन्न मुलुकहरूमा गरेका अध्ययन र अनुसन्धान पश्चात् सूर्तीजन्य पदार्थमा सरकारहरूले कर वृद्धि गर्नु उपयुक्त हुने सुझाव दिएको देखिन्छ । नेपालकै अवस्थाको अध्ययन नगरेको तर नेपालजस्तै तेस्रो विश्वका मुलुकहरूको अध्ययनबाट दिइएका सुझावहरूको अनुसरण गर्नु नेपालको लागि पनि लाभदायक हुने देखिन्छ ।

११) विश्वमा विकसित भनेर परिचित देशहरूले यस्ता वस्तुहरूमा लगाएको करको दर नेपालको भन्दा धेरै बढी रहेको देखिन्छ । आर्थिक रूपले सम्पन्न देशहरूले अन्य वस्तु तथा सेवामा करको दर कम राखेर जनतालाई सहुलियत दिएका छन्, तर सूर्तीजन्य वस्तुले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा देशका सबै वर्गका मानव स्वास्थ्यमा र देशकै अर्थतन्त्रमा नकारात्मक असर पार्ने बुझेर नै यस्ता पदार्थमा बढी कर लगाएको पाइन्छ ।

१२) भन्सार विभागबाट प्रकाशित चालू आर्थिक वर्ष र गत आर्थिक वर्षको पहिलो ९ महिनाको वैदेशिक व्यापारको तथ्याङ्कबाट वस्तु वर्गीकरण शीर्षक २४ का सूर्ती र सूर्तीजन्य वस्तुको मात्रै विश्लेषण गर्दा २७.५० प्रतिशतले व्यापार घाटा बढेको देखिन्छ । यस्तै शीर्षक २२ का चिनी मिश्रित गुलिया पेयहरूको आयात परिमाणमा ३८.४८ प्रतिशतले र मदिरा र मदिराजन्य पेयहरूको आयात परिमाणमा २४.१९ प्रतिशतले वृद्धि भएको देखिन्छ ।

यी तथ्याङ्कले नेपालमा मानव स्वास्थ्यका लागि हानिकारक 'पापकर' लगाउन योग्य यस्ता वस्तुहरूको आयात र खपत झन्-झन् बढेको निष्कर्षमा पुगिन्छ । देश र जनताको आर्थिक स्वास्थ्यमा सुधार ल्याउन यी वस्तुहरूमा अप्रत्यक्ष कर बढाएमा कम आयात भई व्यापार घाटालाई कम गराउन समेत मद्दत पुग्ने देखिन्छ ।

१३) विगतमा सरकारबाट गठित कर प्रणाली पुनरावलोकन आयोग, २०७२ को प्रतिवेदन र नेपाल राजस्व परामर्श समितिको आर्थिक वर्ष २०७८/७९ को प्रतिवेदनहरूका अनुसार सूर्तीजन्य पदार्थका मूल्यमा दुई तिहाइ करको अंश हुनुपर्दछ भन्दै मदिराजन्य र गुलिया पेय पदार्थमा अप्रत्यक्ष कर बढाउनुपर्दछ भनेर सिफारिस गरिएका छन् । अर्थात् यी उत्पादनहरू जनस्वास्थ्यका लागि हानिकारक छन् र कर बढाउन योग्य भनेर सरकारबाटै स्वीकार गरिएका छन् ।

१४) माथि लेखिएका वस्तु तथा पेयहरूको सेवनबाट नेपालीहरूले रोगबाट पीडित हुन नपरोस्, औषधि उपचारको नाममा आफ्नो सम्पत्तिको खर्च गर्नु नपरोस्, उपचार असफल भएर असमयमै जीवन गुमाउन नपरोस्, सबैको बाँच्न पाउने अधिकार सुरक्षित होस् भन्ने असल अभिप्रायले मैले सूर्ती तथा सूर्तीजन्य, मदिराजन्य एवं गुलिया पेयमा अप्रत्यक्ष कर बढाउन सरकारलाई अनुरोध गरेको हुँ । यी वस्तुका उत्पादक तथा व्यवसायीलाई लाग्ने प्रत्यक्ष कर बढाउन वकालत गरिएको होइन ।

अप्रत्यक्ष कर पहिला यसका उत्पादक तथा पैठारीकर्ताले तिरे पनि यसको अन्तिम भार उपभोक्तामा सर्दछ। त्यसैले यस्ता वस्तुका उत्पादक, पैठारीकर्ता तथा व्यवसायीले यो कर वृद्धिको विरोध गर्नु तर्कसङ्गत छैन ।

तसर्थ एउटै आलेखमा धेरै तर्कहरू लेखिरहँदा पाठकको पढ्ने धैर्यता र रुचि विचलित हुने ठानेर केही सीमित कारणहरू मात्र दिएको छु । यी तथ्यहरूलाई ध्यानमा राखेर जेन-जी सरकारले जनताको स्वास्थ्य र देशको बृहत्तर आर्थिक स्वास्थ्यमा नकारात्मक प्रभाव पार्ने सूर्तीजन्य, मदिरा र गुलिया पेय लगायतका उत्पादनहरूमा प्रचलित अप्रत्यक्ष करका दरलाई वृद्धि गरी ती वस्तुहरू महँगो बनाएर सरकारलाई आवश्यक स्रोत परिचालन हुने र जनताको स्वास्थ्य संरक्षण गर्ने कार्यमा ध्यान दिनेछ भन्नेमा आशावादी बनेको छु ।

(लेखक सेवानिवृत्त उपसचिव हुन्)

**अमेरिका...**

ओडीआईमा डेब्यु गरेका इशान पाण्डे २० रनमा अविजित रहे । उनले ३० बलमा १ चौका प्रहार गरे ।

त्यसअघि कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको अमेरिका ४३.३ ओभरमा १९५ रन बनाउँदा अलआउट भयो । ओपनर स्मित पटेलले सर्वाधिक ८३ रनको योगदान दिए । उनले ८९ बलमा ८ चौका र ३ छक्का प्रहार गरे । त्यसअघि पाचौँ ओभरमा १४ रन बनाउँदा स्मितको क्याच ड्रप हुँदा जीवनदान पाएका थिए ।

दोस्रो विकेटका लागि स्मित र सेहनान जयसर्याले एक सय रनको साझेदारी गरे । सेहनान अर्धशतक पूरा गर्दै पेभेलियन फर्के । ५२ बलमा ५ चौका र १ छक्का प्रहार गरेका सेहनान दीपेन्द्रसिंह ऐरीको बलमा गुल्सन झाको हातबाट क्याच आउट भए ।

मिलिन्द कुमार २८ रन बनाउँदा दीपेन्द्रको बलमा एलबीडब्लूको धरापमा परे । मिलिन्द कुमारले ४१ बलमा २ चौका र २ छक्का हाने। हरमित सिंह १४ रन बनाउँदा दीपेन्द्रको बलमा रोहित पौडेलको हातबाट क्याच आउट भए ।

कप्तान साइतेजा मुक्कामल्ला चार रन बनाउँदा सन्दीप लामिछानेको बलमा बोल्ड आउट भए । सयान जहानगिर ६ रनमा सोमपाल कामीको बलमा बोल्ड आउट भए । सञ्जय कृष्णमूर्ति एक रन बनाउँदा गुल्सन झाको बलमा ललित राजवंशीको हातबाट क्याच आउट हुन पुगे ।

शुभम रन्जाने दुई रनमा रनआउट भए । मोहम्मद मोहसिन शून्यमै रनआउट भए । नोस्तुस केन्जीके एक रन बनाउँदा दीपेन्द्रको बलमा एलबीडब्लू आउट भए ।

नेपालका लागि दीपेन्द्रले चार लिए । किफायती बलिङ गरेका उनले ७.३ ओभरमा मात्र २४ रन खर्चे ।

सोमपाल कामीले दुई विकेट झारे । उनले सात ओभरमा एक मेडन राख्दै ३५ रन खर्चे । सन्दीप लामिछाने र गुल्सन झाले समान एक विकेट लिए ।

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् ।
लोडसेडिङ्को बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# ४ जीपीए ल्याएका चारजनासहित न्यू होराइजनका ३२१ विद्यार्थी सम्मानित



बुटवल । एसईईको नतिजामा उच्चतम ग्रेड चार जीपीए ल्याएका चार जनासहित ३२० बढी विद्यार्थीलाई न्यू होराइजन अंग्रेजी आवासीय मावि बुटवललेसम्मान गरेको छ ।

विद्यालयमा आयोजित एक कार्यक्रममा विद्यालय सञ्चालक समितिका पदाधिकारी, विद्यालयका प्राचार्य, उप-प्राचार्यलगायतले विद्यार्थीलाई सम्मान गरेका हुन् ।

न्यू होराइजनबाट अन्वेशा भुसाल, अपेक्षा गौतम, दिक्षा पाण्डे र संकल्प ज्ञवालीले चार जीपीए ल्याएका थिए । यस्तै विद्यालयका १३३ जनाले ३.६१ भन्दा बढी जीपीए (ए प्लस), ९६ जनाले ए ग्रेड, ७१ जनाले बी प्लस ग्रेड र १७ जनाले बी ग्रेड ल्याएर उत्तिर्ण भएका थिए ।

सम्मान कार्यक्रममा बोल्दै विद्यालय सञ्चालक समिति अध्यक्ष ज्ञानेन्द्र कसजूले एसईईमा प्राप्त नतिजालाई सहज रुपमा स्वीकार गरेर विद्यार्थीहरुले कक्षा ११ र १२ मा उच्चतम ग्रेड ल्याउने संकल्प र मेहनत गर्न सुझाव दिए ।

अध्यक्ष कसजूले उत्तरपुस्तिका जाँच गर्ने प्रणालीलाई कतैबाट प्रश्न र शंका नउठ्ने गरी गरी विश्वसनीय बनाउन सरकारको ध्यान जानुपर्ने बताए ।

प्राचार्य बासुदेव अर्यालले एसईईमा प्राप्त ग्रेड एउटा पक्ष मात्रै भएको हुँदा विद्यार्थीमा रहेको ज्ञान, क्षमता आफूसँगै रहेकाले आगामी दिनमा थप उत्कृष्ट नतिजा ल्याउन सकिने प्रष्ट पारे ।

निवर्तमान प्राचार्य लोकनाथ उपाध्यायले उत्तर पुस्तिका जाँच गर्ने अहिलेको प्रणालीले विद्यार्थीको लेखाइअनुसार नतिजा नआएको धेरै गुनासा आएकाले यसमा परिमार्जन गरेर थप विश्वसनीय बनाउनुपर्ने औंल्याए ।

कक्षा ११ र १२ र त्यसमाथिको उच्च शिक्षामा पनि न्यू होराइजन अब्बल सावित भएकाले विद्यार्थीले अन्यत्र विकल्प खोज्न नपर्ने उपाध्यायको सुझाव छ ।

उप-प्रचार्य राजीव श्रेष्ठले ३६ वर्षदेखि निरन्तर गुणस्तरीय शिक्षा प्रदान गरेकाले उत्कृष्ट नतिजा हासिल गर्दै आएको र यसपटक पनि पुष्टी गरेको बताए ।

पर्याप्त भौतिक पूर्वाधार र विद्यार्थीमैत्री वातावरणका कारण अभिभावक र उत्कृष्ट विद्यार्थीको रोजाइ न्यू होराइजन बनेको श्रेष्ठले बताए ।

कार्यक्रममा चार जीपीए ल्याएकी छात्रा अन्वेशा भुसाल र अस्मिता ज्ञवालीले विद्यालयको सुविधा सम्पन्न पूर्वाधार, आधुनिक प्रविधिमा पठनपाठनका कारण न्यू होराइजनले देशभरमै उत्कृष्ट नतिजा हासिल गरेको बताए । उनीहरुले आफूहरुसहित चार जीपीए ल्याएका सबै जना कक्षा ११ र १२ पनि न्यू होराइजनमै पढ्ने निर्णय गरी भर्ना भइसकेको बताए ।

कार्यक्रममा अभिभावक सञ्जय ज्ञवाली, भूतपूर्व विद्यार्थी एवं प्राध्यापक विकास श्रेष्ठलगायतले गुणस्तरीय शिक्षा र अतिरिक्त क्रियाकलापका कारण राष्ट्रियस्तरमा मात्र नभई अन्तर्राष्ट्रिय मञ्चमा समेत न्यू होराइजनको प्रतिष्ठा उच्च रहेको बताए ।

कक्षा १० संयोजक प्रकाश गौतमले जीपीए प्रणाली लागू भए यता न्यू होराइजनबाट हालसम्मकै धेरै १३३ जना विद्यार्थीले ३.६१ जीपीएभन्दा माथि अंक ल्याएर उत्कृष्ट नतिजामा अर्को नयाँ रेकर्ड बनाएको बताए ।

# सिद्धबाबा सुरूङमार्गको अनुगमन



बुटवल । पूर्वाधार विकासमन्त्री सुनिल लम्सालले निर्माणाधीन सिद्धबाबा सुरुङमार्गको स्थलगत अनुगमन गरेका छन् । मन्त्री लम्सालले सुरुङमार्ग निर्माणमा भइरहेको प्रगति तथा यसक्रममा देखिएका समस्याका बारेमा जानकारी लिएका हुन् ।

उनले निर्माण कार्यलाई तीव्रता दिन निर्देशन दिए । निर्माणका समयमा कुनै समस्या देखिए तत्काल मन्त्रालयमा जानकारी गराउन उनले आग्रह गरे ।

मन्त्री लम्साल मन्त्रालयका कर्मचारी तथा सडक विभागका महानिर्देशकसहित सुरुङमार्गको स्थलगत अनुगमनका निम्ति पुगेका थिए ।

सिद्धार्थ राजमार्गमा निर्माणाधीन सुरुङमार्ग सरकारले राष्ट्रिय गौरवको आयोजनाका रूपमा अघि बढाएको छ । चाइना स्टेट कन्स्ट्रक्सन इञ्जिनियरिङ कर्पोरेसनले ०८३ चैतभित्र निर्माण सकाउने गरी सुरुङमार्गको काम गरिरहेको छ ।

# बैंकिङ र निजी क्षेत्रमाथिको धरपकडप्रति आपत्ति

भैरहवा । सिद्धार्थ उद्योग वाणिज्य संघ, रुपन्देहीले पछिल्लो समय सरकारले विभिन्न आर्थिक तथा वित्तीय कारोबारको अनुसन्धानका क्रममा उद्योगी, व्यवसायी र बैंकिङ क्षेत्रका नेतृत्वदायी व्यक्तित्वहरूमाथि गरिरहेको पक्राउ र धरपकडप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । संघले एक प्रेस विज्ञप्ति जारी गर्दै प्रारम्भिक अनुसन्धानकै चरणमा व्यवसायी र बैंकर्सहरूलाई फौजदारी अभियुक्त जस्तो व्यवहार गरिनुले लगानीको वातावरणमा गम्भीर असर पुग्ने बताएको हो ।

विज्ञप्तिमा भनिएको छ-'राष्ट्रको अर्थतन्त्रको मेरुदण्ड मानिने निजी र बैंकिङ क्षेत्रका व्यक्तिहरूलाई ठोस प्रमाण र निष्कर्ष बिना नै पक्राउ गर्दा समग्र व्यावसायिक क्षेत्रमा त्रासको वातावरण सिर्जना भएको छ ।' यसले स्वदेशी मात्र नभई विदेशी लगानीकर्ताहरूमा समेत नकारात्मक सन्देश जाने र व्यवसायीहरूको मनोबल गिराउने संघको ठहर छ । विशेषगरी आम सर्वसाधारणको निक्षेप र विश्वासमा चल्ने बैंकका उच्च पदाधिकारीहरूलाई कर्जा असुली वा नियमित प्रक्रियाका विषयमा हठात पक्राउ गर्दा बैंकिङ क्षेत्रको साख र विश्वसनीयतामा प्रत्यक्ष असर पुग्ने र यसले अन्ततः बैंकहरूको निर्णय क्षमतामा संकुचन ल्याई लगानी प्रवाहमा कमी आउने देखिएको छ ।

संघले कुनै पनि विषयमा निष्पक्ष अनुसन्धान हुनुपर्ने कुरामा दुई मत नरहे पनि अनुसन्धान सुरु हुनु अगावै सार्वजनिक रूपमा व्यक्तिको मान-प्रतिष्ठामा आँच पुग्ने गरी पक्राउ गर्ने, अनावश्यक प्रचारप्रसार गर्ने र 'मिडिया ट्रायल' गर्ने प्रवृत्तिलाई तुरुन्त रोक्नुपर्ने माग गरेको छ । यस्ता गतिविधिले सम्बन्धित व्यक्ति र संस्थाको सामाजिक प्रतिष्ठामा दीर्घकालीन असर पार्ने भएकाले अनुसन्धान प्रक्रियालाई कानुनी मर्यादा, गोपनीयता र न्यायिक सिद्धान्त अनुरूप अगाडि बढाउनुपर्नेमा संघले जोड दिएको छ । नेपालको संविधानले प्रत्याभूत गरेको सम्मानपूर्वक बाँच्न पाउने अधिकार र कसुर प्रमाणित नभएसम्म कसैलाई दोषी मान्न नपाइने संवैधानिक व्यवस्थाको स्मरण गराउँदै संघले देवानी दायित्व सिर्जना हुने प्रकृतिका मुद्दाहरूलाई सोही अनुरूपको कानूनी प्रक्रियाबाट समाधान गर्न आग्रह गरेको छ । विगत केही वर्षदेखि सुस्त रहेको अर्थतन्त्रलाई चलायमान बनाउन सरकारले लगानीमैत्री वातावरण र निजी क्षेत्रको मनोबल बढाउने अपेक्षा गरिए पनि पछिल्ला घटनाक्रमले त्यसको विपरीत परिणाम दिइरहेको विज्ञप्तिमा उल्लेख छ ।

सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष नेत्र प्रसाद आचार्यद्वारा हस्ताक्षरित उक्त विज्ञप्तिमा निजी क्षेत्रको आत्मविश्वास अभिवृद्धि गर्न, लगानीकर्तालाई सुरक्षाको अनुभूति दिलाउन र कानूनी शासनको पालना गर्दै व्यावसायिक मर्यादा कायम राख्ने वातावरण निर्माण गर्न सरकारसँग विशेष अपिल गरिएको छ ।

# बुटवल-नारायणगढ सडक विस्तार अन्तिम चरणमा



बुटवल । लामो समय निर्माण अलपत्र परेको पूर्व-पश्चिम राजमार्गअन्तर्गतकोनारायणगढ-बुटवल सडकखण्ड विस्तारको काम अन्तिम चरणमा पुगेको छ । आयोजनाको भौतिक प्रगति ९१ प्रतिशत पुगेको सडक विभागका महानिर्देशक डा. विजय जैसीले जानकारी दिए ।

नागढुंगा-नौबिसे तथा नारायणगढ-बुटवल सडकखण्डको स्थलगत अनुगमन गर्दै उनले सडक निर्माणको काम अन्तिम चरणमा पुगेको जानकारी दिएका हुन् । महानिर्देशक डा. जैसीले आयोजनाका अधिकांश मुख्य काम सम्पन्न भइसकेको बताए ।

उनका अनुसार, अब फिनिसिङ, ट्राफिक सेफ्टी, सर्भिस लेन तथा केही सहायक संरचनाका निर्माणका मात्र काम बाँकी छ । नारायणगढ-बुटवल सडक लामो समयदेखि समस्याग्रस्त थियो । 'अहिले निर्माणको यो हामी अन्तिम चरणमा आइपुगेका छौँ,' उनले भने-'भौतिक प्रगति ९१ प्रतिशत भएको जानकारी प्राप्त भएको छ, मुख्यमुख्य कामहरू सबै सकिएका छन्, फिनिसिङ, ट्राफिक सेफ्टीका कामहरू, सर्भिस लेनलगायत केही काम बाँकी रहेको छ ।'

अब दाउन्ने क्षेत्रमा विगतका वर्षामा झैँ यातायात अवरुद्ध हुने समस्या झेल्नु नपर्ने उनले बताए । दाउन्नेमा हाल एकतर्फी दुई लेनको 'रिपेभमेन्ट' सम्पन्न भइसकेको र तेस्रो लेन निर्माण कार्य तीव्र गतिमा अघि बढाइएको उनले बताए । यही जेठ १५ गतेसम्म मुख्य काम सकाउने लक्ष्य राखिएको उनले जानकारी दिए ।

नारायणगढ-बुटवल सडकखण्डको निर्माणमा ढिलाइ हुँदा यात्रुले सास्ती खेप्दै आएका थिए । "विगतको वर्षकोहरूको जस्तो वर्षामा समस्या हुँदैन । हामीले धेरैजसो कामहरू गरिसकेका छौँ," उनले भने-"एकतर्फको दुई लेनको काम सकिएको छ, तेस्रो लेनको काम भइरहेको छ । जेठ १५ सम्म मुख्य कामहरू सकिन्छ । धेरैपछि अब नेपाली जनताले दाउन्नेको कहर सहन पर्दैन ।"

पूर्वाधार विकासमन्त्री सुनिल लम्सालको नेतृत्वको प्रतिनिधिमण्डलले शनिबार (जेठ २) नागढुंगा-नौबिसे र नारायणगढ सडकखण्डको स्थलगत अनुगमन गरेको थियो ।

अनुगमनका क्रममा निर्माण व्यवसायीले बिटुमिनको अभाव रहेको गुनासो गरेका थिए । उनीहरूले बिटुमिन आयातका निम्ति सहजीकरण गरिदिन सरकारसँग माग गरे । प्रतिनिधिमण्डलले नागढुंगा सुरुङमार्गको पनि स्थलगत अनुगमन गरेको थियो ।








हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क:
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः–०७१–५५०२९३ मो. ९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com





सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com